नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७१/७२-१०
चलानी नं. : ४६४

CDS and Clearing Ltd.

## प्रेस विज्ञप्ति

नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत धितोपत्रहरुको कारोबार मध्ये वाणिज्य बैंक समूह अन्तर्गतका कम्पनीहरुको धितोपत्र अनिवार्य रुपमा अभौतिकृत रुपमा २०७१ माघ २ गते देखि गर्न गराउने निर्णय गरिएकोमा सम्पूर्ण कम्पनीहरुका धितोपत्र अभौतिकीकरण नभईसकेको वर्तमान परिप्रेक्ष्यमा नेपाल धितोपत्र बोर्डको मिति २०७१/०९/२४ गतेको प.सं.:०७१/७२, च.नं.:४७२ बाट धितोपत्र बजारलाई आधुनिकीकरण गरी बढी भन्दा बढी लगानीकर्ताहरुलाई बजारमा प्रवेश गराई बजारको गहिराई तथा चौडाई बढाउन धितोपत्रको केन्द्रीय निक्षेप प्रणालीको महत्वपूर्ण भूमिका रहेको र यसै परिप्रेक्ष्यमा सिडिएससिलाई व्यवहारिक कार्ययोजना तथा कम्प्युटरकृत प्रणालीको आवश्यक परीक्षण पश्चात्को सुनिश्चितता गरी यथाशक्य चाँडो धितोपत्र कारोबारको राफसाफ तथा फछ्र्यौट कार्य गर्ने व्यवस्थाका लागि लेखिई आएको छ । यस सन्दर्भमा परीक्षण पश्चात्को सुनिश्चितताका लागि नेप्से, सिडिएससि तथा नेपाल धितोपत्र बोर्डको प्रतिनिधि सहितको Capital Market Coordination (CMC) समितिको गठन भई कार्य भईरहेको साथै सिडिएससिको पूर्ण रुपमा संचालनमा ल्याउन देखिएका अवरोध CMC समिति गठन पूर्व सफ्टवेयर प्रदायक कम्पनीमा पठाएकोमा हाल सम्म प्राप्त भई नसकेको हुँदा वर्तमान स्थितिमा नै अभौतिकृत धितोपत्रहरुको कारोबार संचालन गरिने र नेपाल धितोपत्र बोर्डको पत्रानुसार यथाशक्य चाँडो राफसाफ पद्धतिको सुनिश्चितता गरी पूर्ण रुपमा संचालनमा ल्याइने छ । साथै, लगानीकर्ताहरुको हितका लागि अभौतिकृत रुपमा रहेका धितोपत्रहरु धितो राखी ऋण लिन सक्षम बनाउन तर्जुमा भईरहेको कार्यविधिलाई यथाशक्य चाँडो अन्तिम रुप दिईने छ ।

मिति : २०७१/०९/३०

तेस्रो तल्ला, शिखर बिज सेन्टर, थापाथली, काठमाडौं, नेपाल ।
Third Floor, Shikhar Biz Centre, Thapathali, Kathmandu, Nepal.
Tel.: 977-1-4101593, Fax: 977-1-4101597
Website: www.cdscnp.com